बैठक नं. ८८-१

आज मिति २०७५ साल असोज महिनाको १० गते ~~मंगलबार~~ बुधबार बिहान ७ :०० बजे यस बारेकोट गाउँपालिका, गाउँकार्यपालिकाको १८ औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसील बमोजिकको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँकार्यपालिका | |
| ४. | लालभक्त सिँह | सदस्य गाउँकार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउँकार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| ७. | कर्ण कामी | सदस्य गाउँकार्यपालिका | |
| ८. | वसन्त शाही | सदस्य गाउँकार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँकार्यपालिका | |
| १०. | द्वारिका प्रसाद वुढा | सदस्य गाउँकार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँकार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँकार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँकार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँकार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँकार्यपालिका | |
| १७. | देउमा वुढा | सदस्य गाउँकार्यपालिका | |
| १८. | रुद्र ब.पछ्राई | सदस्य सचिव गा. का. पा. | |

**बैठक सचिवालयका कर्मचारीहरु**

| | | |
|---|---|---|
| १. | पुष्कर मल्ल | ना.सु. |
| २. | ठकेन्द्र गिरी | ना.सु. |
| ३. | नरेन्द्र ब.बस्नेत | खरिदार |
| ४. | श्रम ब. सिँह | कार्यक्रम अधिकृत |
| ५. | सुरेन्द्र सिँह | क.अ. |
| ६. | नन्दलाल रोकाय | का.स. |

रुद्र बहादुर पछ्राई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव तथा निर्णयहरु :**

**१. आर्थिक वर्ष २०७४।७५ को महालेखा परीक्षकको प्रतिवेदन उपर समीक्षा सम्बन्धमा :**

प्रस्ताव नं. १ माथि व्यापक छलफल गर्दा देहायका निर्णयहरु गर्ने निर्णय गरियो ।

क) वेरुजु संपरीक्षण तोकिएकै मितिमा सम्पन्न गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ख) यस गाउँपालिकाको गत वर्षको वेरुजु देखिएको रकम असुल गर्न ७ दिन भित्र सम्बन्धित पक्षलाई लिखित रुपमा सूचना जारी गरी गाउँपालिकाको खातामा उक्त वेरुजु रकम दाखिला गरी वेरुजु पछ्यौट गर्न गराउन प्रमुख प्रशासकीय अधिकृतलाई कडा रुपमा निर्देशन दिने ।

ग) आ.व. २०७३।७४ को वेरुजु लगतमा उल्लेख भएका वेरुजु रकम ८०,३४,९५८।०० को समेत बेरुजु पछ्यौट गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

घ) चालु तथा आगामी आर्थिक वर्षहरुमा विनियोजन बजेट खर्च गर्दा अधिकतम रुपमा मितव्ययी, नियमितता, जवाफदेहिता, औचित्यता र प्रभावकारिताको मूल सिद्धान्तलाई वडा कार्यालय, गाउँ कार्यपालिका, सम्पूर्ण पदाधिकारी र कर्मचारीहरु सवैले पालना गर्ने गराउने ।

**२.सामाजिक सुरक्षा भत्ता वितरण गर्ने सम्बन्धमा :**

क) दशै भित्र अनिवार्य रुपमा सामाजिक सुरक्षा भत्ताा वितरण गर्ने प्रबन्ध मिलाउने निर्णय गरियो ।

**३. निर्वाचित पदाधिकारीहरुको नयाँ बैंक खाता संचालन सम्बन्धमा :**

क) निर्वाचित पदाधिकारीहरुको सेवा सुविधा बैक खाता मार्फत भुक्तानी दिन उपयुक्त देखिएकोले सम्पूर्ण पदाधिकारीहरुले अनिवार्य रुपमा मिति २०७५।०६।१८ गते भित्र कृषि विकास वैंकमा खाता खोली गाउँकार्यपालिकाको आर्थीक प्रशासन शाखामा खाता नम्बर उपलब्ध गराउने निर्णय पारित गरियो।

**४. गरिब घर परिवार परिचय पत्र वितरण गर्ने सम्बन्धमा :**

प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा देहायका निर्णयहरु सर्व सम्मतीले पारित गरियो ।

क) जिल्ला समन्वय समिति, जाजरकोटबाट प्राप्त गरिव घर परिवार परिचय पत्रको एकमुष्ट विवरण प्राप्त हुन आएकोले यही कार्तिक महिना भित्र उक्त परिचय पत्र वितरण गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने ।

ख) प्रत्येक वडाले अनिवार्य रुपमा असोज मसान्त भित्र वडा समितिको निर्णय गरी झूटा विवरण पेश गरी उक्त गरिवको सूचीमा नाम समावेश भएको पाइएमा उक्त परिचय पत्र रद्द गर्न कार्यालयलाई सिफारिस गर्ने ।

ग) परिचय पत्र वितरणका लागि प्रत्येक वडाले व्यापक रुपमा प्रचार प्रसार गर्ने ।

**५. योजना कार्यान्वयन गर्ने सम्बन्धमा :**

गत वर्ष देखि संचालित क्रमागत तथा नयाँ योजनाहरुको कार्यान्वयनका लागि उपभोक्ता समितिद्धारा संचालन हुने योजनाहरुको लागि असोज मसान्त भित्रै अनिवार्य रुपमा सम्बन्धित वडा समितिले समन्वय गरी स्थानीय लाभग्राहीहरुको व्यापक उपस्थितिमा उपभोक्ता समिति गठन गरी योजना सम्झौताका लागि कार्तिक महिनाको पहिलो हप्ता देखि कार्यालयमा सम्झौताको लागि सम्पर्क गर्न पठाउने ।

**६. सार्वजनिक जग्गा तथा वन जंगल अतिक्रमणलाई नियन्त्रण गर्ने सम्बन्धमा :**

प्रस्ताव नं. ६ उपर व्यापक छलफल गर्दा देहायका निर्णयहरु सर्व सम्मतीले पारित गरियो ।

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

क) यस गाउँपालिका भित्रको विभिन्न वडाहरुमा सार्वजनिक जग्गा तथा वन जंगल अतिक्रमण भएको भनी पटक पटक गुनासाहरु आएकोले उक्त अतिक्रमणलाई नियन्त्रण गर्नका लागि प्रत्येक वडाले सार्वजनिक रुपमा ७ दिने सूचना जारी गरी अतिक्रमणलाई रोक लगाउन विशेष पहल गर्ने ।

ख) माथि खण्ड (क) मा उल्लेखित सूचना जारी भएको १० दिन पश्चात् सम्बन्धित वडा कार्यालय र वडाका पदाधिकारीहरुले स्थलगत अनुगमन गरी अतिक्रमण भएको पाईएमा त्यस्तो अतिक्रमण गर्ने व्यक्ति तथा संस्थाको विवरण संकलन गरी कार्तिक मसान्त भित्र गाउँपालिकामा पेश गर्ने र कारवाहीका लागि प्रकृया अगाडि बढाउने ।

**७. गहुँको वीउ वितरण गर्ने सम्बन्धमा :**

प्रस्ताव नं. ७ उपरको छलफलबाट देहायका निर्णयहरु सर्व सम्मतीले पारित गरियो ।

क) गत सालको असिना पानीले गहुँको बाली क्षति गरी सर्वसाधारण जनताको वीउ नै नरहने गरी नष्ट भएकोले कृषकबाट २५ प्रतिशत व्यर्होने गरी कृषकलाई अनुदानमा गहुँको वीउ वितरण गर्ने ।

ख) माथि उल्लेखित कार्यका लागि २४० क्विन्टल गहुँको बीउ खरिदका लागि ढुवानी सहित रु. २२,००,०००।००(अक्षेरुपी बाईस लाख मात्र ।) पर्ने व्यहोरा कृषि विकास उपशाखाको देहाय बमोजिमको लागत अनुमान स्विकृत गर्ने ।

ग) खण्ड (ख) मा उल्लेख भए अनुसारको बजेट व्यवस्थापन देहाय बमोजिम गर्ने ।

| क्र.स. | बजेट रकम | खर्च व्यर्होने शिर्षक वा स्रोत |
|---|---|---|
| १ | ४,००,०००।०० | कृषि विकास उपशाखाको बजेटबाट |
| २ | १०,००,०००।०० | विपद् व्यवस्थापन कोष |
| ३ | ४,००,०००।०० | कन्टेन्जेन्सी खर्चबाट |
| ४ | ४,००,०००।०० | कृषकबाट अनुदान |
| जम्मा | रु. २२,००,०००।०० | |

**८. धार्मिक साँस्कृतिक पर्व संरक्षण तथा सम्बर्द्धन सम्बन्धमा :**

बारेकोट गाउँपालिका भित्रका परम्परागत रुपमा मनाइँदै आएका ऐतिहासिक, मौलिक एवं धार्मिक महत्वका तपसीलका मेला र मौलाहरुलाई साँस्कृतिक प्रवर्द्धन शिर्षक अन्तर्गत खर्च लेख्ने गरी देहाय बमोजिम खर्च गर्ने निर्णय निर्णय गरियो ।

| क्र.स. | मेला तथा मौला | बजेट रकम |
|---|---|---|
| १ | रामीडाँडा मेला वडा नं. १ | रु. २,५०,०००।०० |
| २ | सुगरखाल मेला, वडा नं. २ | रु. २,००,०००।०० |
| ३ | कार्कीज्यूला मेला, वडा नं. ६ | रु. २,००,०००।०० |
| ४ | ६ वटा मौला(विभिन्न स्थानमा) | ६×२०,०००= १,२०,०००।०० |
| जम्मा | **रु. ७,७०,०००।००( अक्षेरुपी सात लाख सत्तरी हजार मात्र ।)** | |

२०७५।६।१०

रुद्र बहादुर पल्लाई
प्रमुख प्रशासकीय अधिकृत

आज मिति २०७५ साल असोज महिनाको ११ गते बिहिबार साँझ ५:१५ बजे यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाको १८ औं बैठक यस गाउँपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाहको अध्यक्षतामा तपसील बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिंह | सदस्य गाउँकार्यपालिका | |
| ४. | लालभक्त सिंह | सदस्य गाउँकार्यपालिका | |
| ५. | मन बहादुर शाही | सदस्य गाउँकार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँकार्यपालिका | |
| ७. | कर्ण कामी | सदस्य गाउँकार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँकार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँकार्यपालिका | |
| १०. | द्धारिकां प्रसाद बुढा | सदस्य गाउँकार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँकार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँकार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँकार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँकार्यपालिका | |
| १५. | शिला सार्की | सदस्य गाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँकार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँकार्यपालिका | |
| १८. | रुद्र ब.पछाई | सदस्य सचिव गा. का. पा. | |

**बैठक सचिवालयका कर्मचारीहरु**

| | | |
|---|---|---|
| १. | पुष्कर मल्ल | ना.सु. |
| २. | ठकेन्द्र गिरी | ना.सु. |
| ३. | नरेन्द्र ब.बस्नेत | खरिदार |
| ४. | श्रम ब. सिंह | कार्यक्रम अधिकृत |
| ५. | सुरेन्द्र सिंह | क.अ. |
| ६. | नन्दलाल रोकाय | का.स. |

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

**प्रस्ताव तथा निर्णयहरु :**

**१. पशु चौपाय वितरण गर्दा अनुदान साझेदारी सम्बन्धमा :**

यस गाउँपालिकाको पशुपंक्षी विकास उपशाखाबाट वितरण हुने राँगा, बोका तथा थुमा कृषकलाई वितरण गर्दा सम्बन्धित कृषकहरुबाट १० प्रतिशत अनुदान लिई वितरण गर्नु पर्ने निर्णय गरियो ।

**२.गाउँ सभा बैठक भवन निर्माण सम्बन्धमा :**

यस गाउँपालिकाको गाउँ सभा भवन निर्माणका लागि कम्तीमा १५ रोपनी जग्गा आवश्यक पर्ने भएको हुँदा सो जग्गा बिरेन्द्र ऐश्वर्य प्राथमिक विद्यालय लिम्साको जग्गा रहेको ठाउँमा गाउँ सभा भवन निर्माण गर्ने प्रक्रिया अगाडी बढाउने र हाल गाउँपलिकाको केन्द्र रहेको स्थानमा जनताले उपलब्ध गराएको जग्गा अपुग भएको हुनाले सो जग्गामा गाउँपालिकाको आवासीय भवन र अस्थायी गाउँ सभा भवन निर्माण गर्ने निर्णय गरियो ।

**३. वडा टोल सरसफाई तथा गोरेटो बाटोहरु मर्मत संभार गर्ने सम्बन्धमा :**

मिति २०७५ सालको दशै अगाबै प्रत्येक वडाले आ-आफ्नो टोलमा सरसफाई गर्ने तथा गोरेटो बाटोहरु मर्मत संभार गर्ने निर्णय पारित गरियो ।

**४. स्थानीय दररेट निर्धारण समिति गठन गर्ने सम्बन्धमा :**

क) यस गाउँपालिका भित्र निर्माण हुने सार्वजनिक भवन, सडक, पुल, झो.पु. लगायत अन्य भौतिक निर्माणका कार्य तथा अन्य त्यस्ता काममा प्रयोग हुने स्थानीय सामाग्री तथा अन्य सामाग्रीहरु अन्य स्थानबाट ढुवानी गरी यस गाउँपालिका भित्र स्थानीय दर रेट निर्धारण गरी यसै आ.व.मा कार्यन्वयन गर्नका लागि मिति २०७५ साल असोज मसान्त भित्र तयार गरी गाउँ कार्यपालिकाको बैठकमा पेश गर्नका लागि प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा तपसील बमोजिमको समिति गठन गर्ने निर्णय गरियो ।

तपसील :

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. | प्रमुख प्रशासकीय अधिकृतले तोकेको प्राविधिक कर्मचारी १ जना(संभव भए सम्म अधिकृत स्तर) | सदस्य |
| ३. | लेखा प्रमुख | सदस्य |
| ४. | जिन्सी शाखा हेर्ने कुनै १ कर्मचारी | सदस्य |
| ५. | गाउँ कार्यपालिकाले मनोनित गरेको निर्माण व्यवसायीको प्रतिनिधि १ जना | सदस्य |
| ६. | गाउँ कार्यपालिकाले मनोनित गरेका उद्योग वाणिज्य संघको प्रतिनिधि १ जना | सदस्य |
| ७. | गाउँ कार्यपालिकाले मनोनित गरेका श्रमीकको प्रतिनिधित्व गर्ने १ जना | सदस्य |

ख) माथि उल्लेखित समितिमा कार्यपालिकाबाट देहायका पदाधिकारीहरु मनोनित गर्ने निर्णय गरियो ।

- निर्माण व्यवसायीको प्रतिनिधि श्री टेक ब.सिंह
- उद्योग वाणिज्य सँघको प्रतिनिधि श्री दान ब. शाही
- श्रमीकको प्रतिनिधि श्री हरि बहादुर घर्ती

**५. बहुक्षेत्रीय पोषण कार्यक्रमका लागि स्वयं सेवक तोक्ने सम्बन्धमा :**

यस गाउँपालिका अन्तर्गत संचालन हुने बहुक्षेत्रीय पोषण योजनाको स्वयं सेवकका रुपमा दिपक महतारालाई तालिममा सहभागी गराईएको हुँदा निजलाई यस गाउँपालिकाले नियमानुसार स्वयं सेवक तोकी जिम्मेवारी दिने निर्णय गरियो ।

रुद्र बहादुर पछाई
प्रमुख प्रशासकीय अधिकृत

Generated by CamScanner

## ६. प्रमुख प्रशासकीय अधिकृतको प्रोत्साहन भत्तालाई निरन्तरता दिने सम्बन्धमा :

यस गाउँपालिकामा दरबन्दी अनुसार कर्मचारी अभाव तथा कामको चापले गर्दा विहान, साँझ, राती तथा सार्वजनिक विदामा समेत प्रमुख प्रशासकीय अधिकृतले कार्यालयमा रही काम गर्नु पर्ने अवस्था विद्यमान छ । अत : विगत वर्ष देखि प्रमुख प्रशासकीय अधिकृतलाई प्रदान गरिदैं आएको प्रोत्साहन भत्ता स्वरुप प्रतिमहिना रु. १०,०००।०० (अक्षेरुपी दस हजार मात्र ।) का दरले आ.व. २०७५।७६ मा पनि उक्त सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

## ७. जडीबुटी संरक्षण सम्बन्धमा :

प्रस्ताव नं. ७ उपर छलफलबाट देहायका निर्णहरु गरियो ।

क) मिति २०७५।६।१० गते यस बारेकोट गाउँपालिकाका स्थानीय सर्वसाधारणहरुले यस गाउँपालिकामा श्री गणेश सिँह विरुद्ध जडीबुटी चोरी निकासी गरेको भनी लिखित रुपमा यस कार्यालयमा उजुरी दर्ता गरेकोले निज श्री गणेश सिँह, निवदेक र गाउँ कार्यपालिकाको संयुक्त बैठक गरी छलफल गराईयो । उक्त छलफलबाट आम सर्वसाधारण, श्री गणेश सिँह तथा गाउँपालिकाको संयुक्त समूह निर्माण गरी जडीबुटी खनखोरस भएको पाइएमा उक्त जडीबुटी जफत गरी गाउँपालिकामा घाटगद्दी गराई लिलाम गर्ने ।

ख) यस बारेकोट गाउँपालिका भित्रका राष्ट्रिय वन क्षेत्रमा पाइने सेतो चिनी नामक खिराङ्गलो जातको जडीबुटी अवैध चोरी निकासी भएको भनी पटक पटक जनगुनासाहरु अनौपचारिक रुपमा यस गाउँपालिकामा प्राप्त हुन आएको छ । साथै यस क्षेत्रमा जडीबुटी संकलन गर्न इजाजत प्राप्त व्यापारी तथा ठेकेदारहरुको संयुक्त रुपमा यस गाउँपालिकामा मिति २०७५।०६।१० मा जडीबुटी खुला गर्ने भनी अनुरोध पत्र समेत पेश गरेको अवस्था छ । तर वन ऐन, २०४९ तथा नियमावली २०५१ अनुसार त्यस्तो वन खुला गरी जडीबुटी संकलन गर्न संकलन पुर्जी प्रदान गर्ने जिम्मा जिल्ला वन कार्यालयलाई प्रदान भएको हुँदा उक्त जिल्ला वन कार्यालयले हाल सम्म पनि जडीबुटी व्यापारी तथा ठेकेदारहरुलाई संकलन पुर्जी प्रदान नगरेको अवस्थाले गर्दा उक्त जडीबुटीबाट प्राप्त हुने राजस्व गुम्न सक्ने अवस्था विद्यमान छ । यस्तो दुरासयी अवस्थाको यस गाउँपालिकाले मुखदर्शक बनेर बस्ने हो भने स्थानीय सरकारको औचित्य समेत नरहने भएकोले यस सम्बन्धमा आवश्यक कदम चाल्ने अवस्था सिर्जना भएको छ । साथै नेपालको संविधान २०७२ को अनुसूची ८ को क्र.सं. १० र २१ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को मूल मर्मलाई आधार मान्दा स्थानीय प्राकृतिक स्रोतको संरक्षण तथा सम्वर्द्धन गर्ने जिम्मेवारी समेत स्थानीय सरकारलाई प्रदान गरेकोले उक्त प्रावधानका आधारमा यस गाउँ कार्यपालिकाले संक्षिप्त कार्यविधि बनाई तोकिएको मापदण्ड भित्र रही यही असोज महिनाको १८ गते देखि यस गाउँपालिकाको वन क्षेत्रमा जडीबुटी संकलन गर्न खुला गर्ने ।

ग) माथि उल्लेखित खण्ड (ख) मा उल्लेखित संक्षिप्त कार्यविधि देहाय बमोजिम हुनेछ ।

ग(१) मिति २०७५।०६।११ मा सार्वजनिक सूचना जारी गरी इजाजत प्राप्त व्यक्ति, व्यापारी ,फर्म तथा कम्पनीलाई यस गाउँपालिकामा सूची दर्ता गर्न आहवान गर्ने ।

ग(२) सूची दर्ता मिति २०७५।६।१२ विहान १० :०० बजे पछि सुरु भई २०७५।०६।१७ साँझ ५:०० बजे सम्म रहने ।

ग(३) धरौटी स्वरुप रु. २,००,०००।००(अक्षेरुपी दुई लाख मात्र ।) लिने ।

ग(४) सूची दर्ता गर्न आउँदा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, कम्पनी तथा फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि सहित निवेदन पेश गर्ने ।

ग(५) प्रवेश शुल्क : बारेकोट गाउँपालिका भित्रका स्थानीय संकलनकर्ता प्रति व्यक्ति रु. २००।००( अक्षेरुपी दुई सय मात्र ।) र अन्य क्षेत्रका संकलनकर्ता प्रतिव्यक्ति रु. ५००।००(अक्षेरुपी पाँच सय मात्र । ) लिने । (यसको दायित्व इजाजत प्राप्त सम्बन्धित फर्म तथा कम्पनीको हुनेछ ।

ग(६) सेतो चिनी नामको खिराङ्गलो जातको जडीबुटी पकाउने कार्यमा प्रयोग हुने दाउरा हरियो रुख कटान गरेको पाइएमा वन ऐन, २०४९ तथा नियमावली, २०५१ अनुसार कारवाही गर्ने ।

Generated by CamScanner

ग(७) यदि खण्ड ग(६) मा उल्लेख भए अनुसार उक्त जडीबुटी पकाउनु परेमा सुकेको दाउरा प्रयोग गर्ने र उक्त कार्यका लागि रु. ५,०००।०० प्रत्येक कम्पनी तथा फर्मले शुरुमै गाउँपालिकालाई बुझाउने ।

ग(८) गाउँपालिकाका प्रतिनिधि, स्थानीय सरोकारवालाहरु र सम्बन्धित वडा समितिको संयुक्त रुपमा स्थलगत अनुगमनबाट यस अघि यदि अवैध रुपमा संकलन भएको पाइएमा सम्बन्धित फर्म तथा कम्पनीले स्वयं घोषणा गरी लिलाम विक्री गर्न सहयोग गर्नु पर्ने छ । यदि स्वयं घोषणा नगरेमा त्यस्तो जडीबुटी सम्बन्धित वडा कार्यालयको नेतृत्वमा जफत गरी लिलाम विक्रीका लागि गाउँपालिकाको कार्यालयमा मिति २०७५।०६।१२ देखि १७ गते सम्म मुचुल्का गरी पठाउने । उक्त अवैध जडीबुटीको गाउँपालिकाले नियमानुसार लिलाम विक्री गर्ने छ । लिलाम विक्री गर्ने क्रममा कोही कसैले वाधा अवरोध गरेमा नियमानुसार थप कारवाही गर्ने ।

ग(९) माथि खण्ड ग(२) मा उल्लेखित धरौटीबाट प्रति के.जी. रु.५।००(अक्षेरुपी रु पाँच मात्र ।) राजस्व कट्टी गरी बाँकी रकम सम्बन्धित पक्षलाई फिर्ता गर्ने । यदि कुनै फर्म तथा कम्पनीले धरौटी राखेको भन्दा बढी रुपैयाँको संकलन गरेको भएमा थप राजश्व गाउँपालिकामा दाखिला गरी मात्र उक्त जडीबुटी निकासाका लागि निकासी पुर्जी प्रदान गर्न जिल्ला वन कार्यालयलाई सिफारिस गरि पठाउने ।

प्रमुख प्रशासकीय अधिकृत

गोठे कार्यपालिकाको कार्यालय
नारेकोट गाउँपालिका
लिम्सा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल
२०७२